# आरटिआईको मानवओसारपसार विरुद्धको अनुपालन कार्यक्रम

सन्दर्भ सामग्रीहरू : आरटिआइको नीति १.२३ मानव ओसारपसार नियन्त्रण र आरटिआइको प्रक्रिया १.२३.१ नियन्त्रण ऐन मिति ०४/०२/२०१५
एफएआर ५२.२२२.-५० मानव ओसारपसार विरुद्ध लड्ने (मार्च २०१५) र ५२.२२२५६
मानव ओसारपसारसम्बन्धी अनुपालन योजनाको प्रमाणपत्र (मार्च २०१५)

आरटिआइको भ्रष्टाचार वा अनाचार सम्बन्धमा अनुपालन र शुन्य सहिष्णुताको संस्कृति छ । हामी आफ्ना मुख्यालयका मूल्यहरूसँग तादात्म्यता हुने कार्यक्रहरूमा कठोर अनुपालन र आचरण कायम गर्दछौं । आरटिआइको कार्यक्रमहरूका मुलभूत अवयवहरूमा लिखित अनुपालनका मापदण्ड र प्रक्रियाहरू, विद्यमान कर्मचारी तालिम, नियमित परीक्षण मूल्याङ्कन र अनुपालन कार्यक्रमको प्रभावकारीताको अनुगमन, सिकायत र सरोकारहरूका लागि रिपोर्टिङ्ग प्रक्रिया, अवज्ञाका लागि सुधारात्मक अनुसासनात्मक कार्यहरू र समस्याहरूको अनुसन्धान र उपचार पर्दछन् ।

आरटिआइको नेतृत्वले मानव ओसारपसार र भ्रष्टाचार विरुद्धका पहलहरूको महत्वलाई बुझेको छ र अनुपालन सुनिश्चित गर्नका लागि पर्याप्त स्रोतहरू छुट्याएको छ । हाल भइरहेका कर्मचारीहरूमा समर्पित आचरण अधिकृत र अनुपालन उप सभापति छन् जसलाई बोर्ड या गभर्नर र प्रमुख कार्यकारी अधिकृतले पूर्ण रुपमा सहयोग गरेका छन् । प्रमुख कार्यकारी अधिकृतले आरटिआइको आचरण र अनुपालन कार्यक्रमको नेतृत्व गर्दछन् । आन्तरिक लेखापरीक्षण उप सभापति र प्रमुख जोखिम अधिकृतको आफ्ना जिम्मेवारीहरू सञ्चालन गर्ने स्वतन्त्र अधिकार छ । यसका अतिरिक्त, आरटिआइको आचारण अधिकृत र अनुपालन उप सभापतिले नेतृत्व गरेको र आरटिआइका कार्यकारीले नेतृत्व गरेको टोलीका सदस्यहरू रहेको एउटा कार्यकारी अनुपालन समितिको संस्थागत तहको र परियोजना विशेषका अनुपालन जोखिमहरूका लेखाजोखा गर्न मासिक बैठक बस्ने गर्दछ । यी कर्मचारीहरू र अन्य धेरैजनाले भ्रष्टाचारबाट अलग भएको यथाशिघ्र प्रभावकारी रुपमा पहिचाग गरी त्यसको उपचार गरिएको कुरा सुनिश्चित गर्दछन् ।

**क. जोखिम आँकलन**

आरटिआइले संस्थाले सामना गरेका जोखिमहरू बुझ्नका लागि थुप्रै सरोकारवालाहरूलाई संलग्न गर्दछ र त्यसपछि यस्ता जोखिमहरूलाई सम्बोधन गर्नका लागि उपयुक्त अनुपालनका मापदण्डहरू तय गर्दछ । यी जोखिमको लेखाजोखाहरूमा ओसारपसारमा परेको व्यक्तिप्रतिको निषेधको उल्लंघन अथवा बलयुक्त वा बाल श्रमसम्बन्धी प्रावधानहरूको हननको सम्भावना सम्बन्धमा सेवाप्रदायक, आपूर्तिकर्ता र भर्तिगर्ने प्रतिनिधिहरूको मूल्याङ्कनहरू पर्दछन् ।

आरटिआइको सेवाप्रदायक र आपुर्तिकर्ताहरूको जोखिम लेखाजोखामा कम्पनीको कर्मचारी भर्तिका अभ्यासहरू र श्रमिक भर्तिकेन्द्रहरूको प्रयोग समेत पर्दछन् । सम्भावित हनन्हरूको आरोप वा सन्देहका विषयमा तदारुकताका साथ अनुसन्धान तथा उपचार गरिन्छ, र आवश्यक परेमा सम्बन्धित सरकारी कर्मचारीहरू समक्ष जानकारी पेश गरिन्छ ।

**ख. आचार संहिता, नीति र प्रक्रियाहरू**

आरटिआईका सबै कर्मचारीहरूले हरेक वर्ष पुनरावलोकन गर्नुपर्ने र स्वीकार गर्नुपर्ने एउटा विस्तृत आचार संहिता छ जसको कर्मचारीहरूले पालना गर्ने अपेक्षा गरिएको छ । यस संहिताले स्पष्ट रुपमा मानव ओसारपसारप्रति प्रतिवन्ध लगाउंदछ र आरटिआइ र हाम्रा कर्मचारीहरू परियोजनाहरू नैतिक रुपमा एवं सबै प्रचलित कानुनअनुरुप सञ्चालन गर्दछन् । यसलाई विभिन्न भाषाहरूमा अनुवाद गरिएको छ र अङ्ग्रेजीमा यहाँ हेर्न सकिन्छ :http://www.rti.org/files/ codeofconduct_ english. pdf.

आरटिआइका नीतिहरू र प्रक्रियाहरूले मानव ओसारपसार र बलयुक्त र बाल श्रमलाई निषेध गर्दछन्, बाल संरक्षणको प्रवर्द्धन गर्दछन् र मानव ओसारपसार, भ्रष्टाचार र अन्य मानव अधिकारसम्बन्धी सरोकारहरूका सवालमा सेवाप्रदायकहरूका लागि वैधानिक आवश्यकताहरूलाई परिभाषित गर्दछन् ।

आचार संहिताको परिपालना गर्नुपर्ने दायित्व सबै परियोजना साझेदारहरू र सरोकारवालाहरूलाई लागु हुन्छ । सहठेकेदार, अनुदान परिचालकहरू, र सरकारी साझेदारहरू र सेवाप्रदायकहरू लगायतका सबै परियोजना कार्यान्वयन गर्ने संस्थाहरूको आरटिआइको वेबसाइटमार्फत संहितामा पहुँच हुन्छ । हाम्रो आचार संहिता र अचारसम्बन्धी विद्यमान तालिमका अतिरिक्त आरटिआइले आफू सञ्चालनमा रहेको हरेक मुलुकका लागि परियोजना सम्बद्ध कर्मचारी हातेपुस्तिका जारी गर्ने गरेको छ । यस हस्तपुस्तिकाले मानव ओसारपसार, बलयुक्त तथा बाल श्रमसँग सम्बन्धित कुनै पनि प्रकारका भ्रष्ट अभ्यासहरूमा निगरानी गर्नुका साथै निषेध गर्दछ । आरटिआइका मुख्यालका र परियोजना सम्बद्ध नीतिहरू र प्रक्रियाहरूका साथै आचार संहिताको परिपालना नगरेको खण्डमा हुने अनुशासनको कार्वाहीका बारेमा हाते पुस्तिकामा स्पष्ट व्याख्या गरिएको हुनेछ ।

**ग. आपूर्ति श्रृङ्खलामा पूर्ण सावधानी तथा सुरक्षा**

आरटिआइको वस्तु तथा सेवा खरीद कार्यालय आपूर्तिकता र भर्तिगर्ने प्रतिनिधिहरूलाई आरटिआइको मानवओसारपसार विरुद्धका नीतिहरूबारे जानकारी गराउन तथा संघीय सरकारसँग आरटिआइको करार सम्झौताहरूमा मानवओसारपसार सम्बन्धी प्रावधानहरू सहठेकेदारहरू र भर्तिगर्ने प्रतिनिधिहरू दुवै समक्ष प्रवाह गर्नका लागि जिम्मेवार रहनेछ ।

आवश्यक परेको अवस्थामा सबै भर्तिगर्ने प्रतिनिधिहरूसँगका सबै सहायक करार र सबै करार सम्झौताहरूमा आरटिआइले मानव ओसारपसार सम्बन्धी (एफएआर ५२.२२२-५० र ५२.२२२-५६) संघिय सहायता प्राप्तिका प्रावधानहरू वा संघीय सहायता प्रदान गर्दा समानखाले प्रावधानहरू लागु गर्दछ । सहायक ठेकेदारहरूले यी प्रावधानहरूअन्तर्गत प्रमाणापत्र पेश गर्नुपर्ने आवश्यकता भएको बखत आरटिआइलाई सहायक ठेक्का प्रदान गर्नुभन्दा पहिल्यै र त्यसपछि वार्षिक रुपमा यस्तो प्रमाणपत्र पेश गर्नुपर्ने हुन्छ ।

परीयोजना तयार गर्ने चरणमा आरटिआइको सहठेक्का प्रदान गर्ने टोलीद्वारा तेस्रो पक्षका ओसारपसार विरुद्ध र अन्य मानवअधिकारसँग सम्बन्धित वैधानिकता पूरा गरिनेछ । आरटिआइले व्यापार तथा मानव अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघका निर्देशक सिद्धान्तहरूमा भएका मार्गदर्शन अवलम्बन गर्नुका साथै मानव अधिकारहरूको प्रतिकुल प्रभावहरूको सबभन्दा महत्वपूर्ण जोखिम प्रस्तुत गर्ने प्रोफाइल भएका आपूर्तिकर्ताहरूप्रति ध्यान दिने कुरामा प्राथमिकता दिन्छ, चाहे त्यो खास सञ्चालन वा सञ्चालनको परिवेश होस्, यसमा वस्तु वा सेवाहरू वा अन्य सेवाहरू संलग्न भएको होस् । यस्तो जोखिम आँकलनको परिणाममा आधारित भएर कुनै सेवाप्रदायकहरूलाई करारपूर्व पूर्ण सावधानीका साथै करारपछिको अनुगमनको आवश्यकता पर्न सक्दछ । उच्च जोखिममा रहेका भन्ने विश्वास गरिएका केही परियोजनाहरूको हकमा उनीहरूले यथेष्ठ अनुगमन प्रक्रियाहरू अपनाउने कुरा सुनिश्चित गर्नका लागि सह-ठेक्का प्रदान गर्नुभन्दा पहिल्यै सह-ठेकेदारहरू अनुपालन योजनाहरूका लागि अनुरोध गर्ने र तिनीहरूको पुनरावलोकन गर्ने सहठेक्का का अतिरिक्त वैधानिकता संलग्न हुन सक्नेछ । करार अवधिमा सेवाप्रदायक वा आपूर्तिकर्ताहरू ओसारपसारसँग सम्बन्धित क्रियाकलापहरूमा संलग्न भएको कुनै सङ्केत छ कि भनेर अनुसन्धान गरिनेछ ।

ओसारपसार तथा बँधुवा मजदुरीका लागि अति संवेदनशील वस्तु तथा सेवाप्रदायकहरूका लागि आवधिक लेखापरीक्षणहरू पनि लागु गर्न सकिन्छ ।

आरटिआईले आफ्ना सेवाप्रदायकहरू र सह-ठेकेदारहरूको अनुपालनको जिम्मेवारी लिनेछ र अवज्ञाका कारण कुनै पनि सरकारी निकायसँग सम्बन्धित भुक्तानी रोक्का गर्नु हाम्रो करार विपरित हुनेछ । अवज्ञाका कारण मुख्य करारको भुक्तानी रोक्का गर्ने जिम्मेवारी आरटिआइको कोष भुक्तानी कार्यालय र परियोजना प्रबन्धकको हुनेछ ।

**घ. तालिम**
आचार संहिता पढ्नु र मञ्जुर गर्नुका अतिरिक्त हामीले मानव ओसारपसारको निषेधलाई सम्बोधन गर्ने थप आचारसम्बन्धी तालिमको महत्व बुझेका छौं । यसका लागि हामीसँग कठोर आचरण र अनुपालन तालिम कार्यक्रम छ । यस कार्यक्रममा हाम्रो मुख्यालय र कार्यस्थलमा प्रत्यक्ष तालिम, लिखित रुपमा तालिम सामग्रीहरू र अनलाइन कोर्सहरू समावेश गरिएको छ ।

हाम्रो तालिमले भ्रष्टाचार भनेको आर्थिक वा भौतिक लाभमा मात्र सिमित नभइ पदको दुरुपयोग, व्यक्तिगत रुचिबाट प्रभावित हुनु, पक्षपात गर्नु, र उपहार वा अतिथी सत्कारबाट प्रभावित हुने कुरा समेत पर्दछन् भन्ने कुरामा जोड दिन्छ । हाम्रा कर्तव्यहरूको नैतिक रुपमा र सम्पूर्ण मौजुदा कानुनहरूको अनुपालनका साथ पालना गर्नु अनिवार्य हुनेछ र यी मान्यताहरूलाई सम्मान नगर्नु वा यस आचार संहिताको उल्लङ्घन गर्नु गम्भीर विषय हो । हाम्रा कर्मचारीहरूले हाम्रा मान्यताहरूको बारेमा जानकारी गराउनेछन् र नैतिक रुपमा काम गर्न प्रयत्न गर्नेछन् । उनीहरूले नोकरीबाट बर्खास्त र उल्लङ्घनको विषयमा थप अनुसन्धान गर्नसक्ने सम्बन्धित कार्यान्वयन गर्ने अधिकारीहरू समक्ष पेश हुने लगायतका सम्भावित अनुसासनात्मक कार्वाहीको बारेमा बुझेर सतर्क भएका हुन्छन् ।

ओसारपसार विरुद्ध र बाल संरक्षण विशेषका तालिममा कर्मचारीहरू, व्यापारी वा आपूर्तिकताहरूलाई निषिद्ध अचरण, ओसारपसार र बँधुवा मजदुरीका सङ्केतहरू र उपलब्ध जाहेरी संयन्त्रहरूको बारेमा प्रशिक्षित गर्ने कुरा पर्दछन् । व्यापारी वा पहिलो तहका आपूर्तिकताहरूले करारकाको प्रावधानअनुसार उनीहरूका आपूर्ति श्रृङ्खलाहरूका सम्बन्धित अन्य लिङ्कहरूमा यो तालिम प्रदान गर्नुपर्ने हुन्छ ।

**ङ. रिपोर्टिङ्ग गर्ने संयन्त्रहरू**
आरटिआइले एउटा बेनामे आचरणसम्बन्धी हेल्पलाइएन (९१९.५४१.७९७०, ८७७.२१२.७२२० टल फ्रि) को व्यवस्था गरेको छ यो समर्पित आरटिआइका आचरण अधिकृतसँग सिधा सम्पर्क हुने गोप्य फोनलाइन हो । आरटिआइको आचरणसम्बन्धी कार्यालयको पनि समर्पित आचरण इमेल छ (ethics@rti.org)। यो हेल्पलाइन र आचरणसम्बन्धी इमेले ठेगानाले एउटा माध्यम उपलब्ध गराउंदछन् जसको माध्यमद्वारा आरटिआइका कर्मचारीहरूले आरटिआइको आचार संहिता र आरटिआइका नीतिहरू एवं प्रक्रियाहरूका लागि सल्लाह र मार्गदर्शनका साथै खराब आचरण वा अन्य अनियमिताहरूको रिपोर्ट गरिएको, अनुसन्धान गरिएको र सम्बोधन गरिएको कुरा सुनिश्चित गर्ने प्रमाणहरू सहितका लागि सल्लाह वा मार्गदर्शन खोज्न सक्दछन् । कर्मचारीहरूले पनि निःशुल्क १-८४४-८८८ वा इमेल help@befree.org मा विश्व मानव ओसारपसार हटलाइनमा सम्पर्क गर्न सक्नेछन् ।

आचरण उल्लंघनको आशङ्का भएका सबै प्रतिवेदनहरूको छानबीन गरिने छ र यदि यस्तो उल्लङ्घन भएको कुरा पुष्टि भएमा उचित कार्वाही गरिनेछ । यस्को कार्वाहीमा अनुशासनात्मक कार्वाही, आरटिआइ सँगको रोजगारीबाट बर्खास्त एवं सम्बन्धित कार्यान्वयन अधिकारीहरू समक्ष जाहेरी गर्ने कुरा समावेश हुन सक्दछन् ।

कर्मचारी तथा अन्य व्यक्तिहरूका लागि आचार संहिता वा मानव अधिकारहरूका अन्य सरोकारहरूको उल्लङ्घनका बारेमा बदलाको भावना बेगर सुरक्षित रुपमा जाहेर गर्नका लागि आरटिआइमा धेरै संयन्त्रहरूको व्यवस्था गरिएको छ। आरटिआइले आशङ्कायुक्त उल्लङ्घनको रिपोर्टिङ्ग गरेवापत कुनै पनि कर्मचारीको विरुद्धको प्रतिसोधलाई निषेध गर्दछ । प्रतिसोधात्मक कार्यमा संलग्न हुने कुनै पनि कर्मचारीहरू आरटिआइको नोकरीबाट निष्कासन सम्मको अनुशासनात्मक कार्वाहीको भागी हुनेछन् ।

आचार संहिता वा आरटिआइका नीति एवं प्रक्रियाहरूको उल्लङ्घन भएको आफूलाई थाहा भएमा वा आशङ्का भएमा सो को जानकारी दिनु सबै कर्मचारीको कर्तव्य हुनेछ । यदि कुनै कर्मचारी उल्लङ्घनको आशङ्कासम्बन्धी जानकारी दिन असमर्थ भएमा त्यस्तो कर्मचारी नोकरीबाट बर्खास्त सम्मको अनुसासनात्मक कार्वाहीको भागी हुनेछन् ।

आरटिआइले सम्भव भएसम्म करार अधिकृतहरू, महानीरिक्षकको कार्यालय वा कानुन कार्यान्वयन अधिकृत समक्ष खुलासा सहितका संदिग्ध ओसारपसार वा अन्य कानुनको उल्लङ्घन सम्बन्धमा जाहेरी गर्ने सम्पूर्ण कानुनी प्रावधनाहरूलाई अवलम्वन गर्नेछ ।

यसका अतिरिक्त, कानुनहरूको उल्लङ्घन हुने सम्भावनाहरूको बारेमा आफैं रिपोर्टिङ्ग गर्ने संस्कृतिको विकास गर्नका लागि प्रावधानहरू र स्थापित प्रक्रियाहरू, परियोजना हातेपुस्तिकाहरूले गोप्य रुपमा रिपोटिङ् गर्ने संयन्त्रहरू प्रतिसोध वा बदलाबाट संरक्षण गर्नका लागि सुरक्षा व्यवस्था सम्बन्धमा विस्तृत जानकारी प्रदान गर्दछन् । आरटिआइको बेनामे आचरणसम्बन्धी हेल्पलाईन लगायतका गोप्य सूचना प्रदान गर्ने संयन्त्रहरूमा सह-ठेकेदारहरू, अनुदान परिचालन गर्नेहरू, सरकारी साझेदारहरू र सेवाप्रदायकहरू लगायता सबै परियोजनाको कार्यान्वयन गर्ने संस्थाहरूलाई पहुँच प्रदान गरिएको छ ।

**च. अनुगमन तथा लेखा परीक्षण**

आरटिआइले सेवाप्रदायक वा  आपूर्तिकताहरूको अनुगमन गर्नुका साथै सेवाप्रदायक वा  आपूर्तिकर्ताहरूको परिस्कृत अनुगमन सञ्चालन गर्दछ जुन मानव ओसारपसार र/वा बलयुक्त श्रममा लगाउने कामका लागि संवेदनशील हुन सक्दछ । लेखापरीक्षण सेवाप्रदायक वा  आपूर्तिकताहरूसँग जोडिएका ज्ञात वा संदेहपूर्ण जोखिमहरूमा आधारित भएर गर्ने गरिन्छ । आरटिआइले मानव ओसारपसार विरुद्धको अनुपालन सम्बन्धमा लेखापरीक्षण र अनुसन्धानहरू गर्नका लागि सरकार र कार्यान्वयन गर्ने निकायहरूलाई पूर्ण रुपमा सहयोग गर्नेछ ।

**छ. उपचार**

आन्तरिक अनुसन्धान, तेस्रो पक्षको लेखापरीक्षण वा अन्य प्रक्रियामार्फत खराब आचरण खुलासा भएको अवस्थामा यस्तो दुराचारलाई सुधारात्मक कार्यद्वारा उपचार गरिन्छ र दोहोरिने जोखिम न्यूनिकरण गर्नका लागि रोकथामका उपायहरू लागु गरिन्छन् ।

**ज. पारदर्शिता**

आरटिआइले कम्पनीहरूलाई उनीहरूका आपूर्ति श्रृङ्खलाहरू बलयुक्त श्रम र अन्य मानव ओसारपसारसँग सम्बन्धित क्रियाकलापहरूबाट मुक्त छन् भन्ने कुरा सुनिश्चित गर्नका लागि आफूले गरेका प्रयासहरूको खुलासागर्ने प्रावधान सहितको पारदर्शी नीतिसम्बन्धी (उदाहरणका लागि, आपूर्ति श्रृङ्खलाहरूको ऐनसम्बन्धी क्यालिफोर्निया पारदर्शीता सरहका कुनै पनि भावी मानवओसारपसार विरुद्धका पहलहरू लगायतका) सम्पूर्ण कानुनी प्रावधानहरूका लागि सहयोग गर्नेछ ।

आरटिआइमा काम शुरु गर्न र कामलाई निरन्तरता दिनका लागि आरटिआइका सबै कर्मचारीहरूले आफू आरटिआइको मानव ओसारपसार विरुद्धका नीतिहरू पढेर त्यसको परिपालना गर्ने कुरा वार्षिक रुपमा मञ्जुर गर्ने पर्दछ । यो वार्षिक मञ्जुरीनामाले सबै कर्मचारीहरूले यी नीतिहरूको अधिनमा रहेर उनीहरूको काम सञ्चालन गर्दछन् भन्ने सुनिश्चित गर्दछ । यस्तो मञ्जुरीनामा स्टाफनेटमार्फत वा कागजमा गर्न सकिन्छ ।

**कर्मचारीको मञ्जुरीनामा**

म यो स्वीकार गर्दछु कि म आफैंले आरटिआइको मानव ओसारपसार विरुद्धका नीतिहरूको पुनरावलोकन गरेको छु र म यसका मूल्यहरू, सिद्धान्तहरू पेशागत मर्यादाका मापदण्डहरू पालना गर्न मञ्जुर गर्दछु । मैले यस दस्तावेजमा उल्लेख गरिएका उदाहरणहरूले मेरो नियुक्तिको अवधिमा उत्पन्न हुनसक्ने हरेक सवालहरूलाई समेट्दैनन् भन्ने कुरा अवगत गरेको छु । मलाई यो पनि जानकारी छ कि मानव ओसारपसार विरुद्ध वा कुनै विशेष परिस्थितिका बारेमा मेरा कुनै प्रश्नहहरू भएमा तिनीहरूका लागि निर्देशन खोज्ने जिम्मेवारी मेरो हुनेछ । मैले यो पनि बुझेको छु कि यो नीति आरटिआइ र मेरो बिचमा कुनै रोजगारी प्रदान गर्नेतर्फ लक्षित छैन र यसले न त त्यस्तो रोजगारी सिर्जना गर्दछ, न त मैले यी प्रावधानहरूको पालना गरेको अवधिसम्म आरटिआइले मेरो रोजगारीलाई निरन्तरता दिने प्रत्याभूति नै गर्दछ । अन्त्यमा, मलाई थाहा छ कि मलाई मानव ओसारपसारसँग सम्बन्धित कुनै शंकास्पद

उल्लङ्घनको जानकारी भएमा मैले सम्बन्धित अधिकार समक्ष जानकारी दिनु पर्दछ र मलाई अनुरोध गरेको खण्डमा अनुसन्धान गर्नका लागि सहयोग गर्नु पर्दछ ।

____________________________________________________________

कर्मचारीको हस्ताक्षर

____________________________________________________________

कर्मचारीको नाम (लेख्नुहोस्)

____________________________________________________________

स्थान (शहर, राज्य/प्रदेश, देश)

____________________________________________________________

आजको मिति